नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
प्रदेश प्रहरी कार्यालय
प्रदेश नं.२ जनकपुर

कार्यालय फोन नं. :- ०४१-५२१२७२
मोवाईल नं. :- ९८५४०२९५७८, ९८५४०२९७४२
इमेल:- spokesperson.state2@nepalpolice.gov.np

# २ नं. प्रदेश प्रहरी कार्यालय

(सुचना संकलन तथा सम्प्रेषण शाखा)

जनकपुरधाम, धनुषा।

पत्र संख्या:-०७५/०७६ चलानि नम्बर:- मिति:-२०७६/१०/१२ गते।

प्रा.प्र.स.:-

## बालविवाह, दाईजो प्रथा, बहुविवाह बिरुद्ध सडक नाटक सहितको सचेतना कार्यक्रम:- (बारा)

बारा, माघ ११ गते। समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्ला बारा फेटा गाँउपालिका-३ स्थित फेटा बजारमा जिल्ला प्रहरी कार्यालय बाराको आयोजनामा बालविवाह, दाईजो प्रथा, बहुविवाह तथा महिला हिंसा बिरुद्ध सडक नाटक सहितको बृहत सचेतना कार्यक्रम दिउसो १४;०० बजे सुरु भई १७;०० बजे सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख ज्यूले र प्रमुख आतिथ्यता बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलले गर्नु भएको थियो। उक्त कार्यक्रममा विशिष्ठ अतिथि फेटा गाँउपालिकाका अध्यक्ष तथा अतिथिहरु फेटा गाँउपालिका अन्तरगत ७ वटै वडाका वडाध्यक्षहरु, जिल्ला स्थित महिला संजालका अध्यक्ष तथा पदाधिकारीहरु, विभिन्न स्कुलका प्रधानाध्यापकहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरु, बुद्धिजिवीहरु, अविभावक तथा विद्यार्थी समेत गरी अन्दाजी ८५० जना व्यक्तिहरुको उपस्थित रहेको थियो।

उक्त अवसरमा बालविवाह, दाईजो प्रथा, बहुविवाह तथा महिला हिंसा बिरुद्ध सन्देश मुलक सडक नाटक प्रस्तुत गर्नुको साथै सो सम्बन्धी कानुनी व्यवस्थाका सम्बन्धमा प्रहरी निरीक्षक शेख अदालतबाट मल्टिमिडिया मार्फत प्रस्तुतिकरण गरिएको थियो। उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेल, फेटा गाँउपालिका अध्यक्ष अमिरीलाल प्रसाद, जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्र.उ.बिकासराज खनाल, महिला संजालका अध्यक्ष बविता जैसवाल, कान्तिपुर मिडिया कर्मी उपेन्द्र ठाकुर लगायतले बालविवाह, दाईजो प्रथा, बहुविवाह तथा महिला हिंसा बिरुद्ध मन्तव्य राख्नु भएको थियो।



## अवैध लागूऔषध सहित मानिस पक्राउ :- (सिरहा)

सिरहा, २०७६ माघ ११ गते। जिल्ला सिरहा लक्ष्मिपुरपतारी गाँउपालिका १ रामपुर स्थित बजारमा अवैध लागूऔषध लुकि छिपि बिक्रि बितरण गर्ने गर्छ भन्ने विशेष सूचना को आधारमा ईलाका प्रहरी कार्यालय महेशपुरपतारको हिरासतमा रहेको थुनुवा को भनाई अनुसार ईलाक प्रहरी कार्यालय महेशपुरपतार सिरहाबाट खटिएको प्रहरी टोलिले लहान नगरपालिका १२ जटियाहि बस्ने बृस्पती चमार को छोरा अं बर्ष २४ को संजित चमारको साथबाट डाईजालेब- ५ एम्पुल, फेनार्गन-५ एम्पुल र नोर्फिन-५ एम्पुल जम्मा १५ एम्पुल सहित लहान नगरपालिका-२२ बस्ने हिरा साह को छोरा बर्ष २१ को अजय कुमार साह समेतलाई पक्राउ गरी थप अनुसंधान भईरहेको छ।

## अबैध चाँदीका गरगहना सहित मानिस पक्राउः- (सिरहा)

सिरहा, २०७६ माघ ११ गते । जिल्ला सिरहा लहान नगरपालिका-८ दुर्गा मन्दिर स्थित ईलाका प्रहरी कार्यालय लहान सिरहाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका-१४ बस्ने बर्ष ३० को सुमन बिश्वकर्मा र जिल्ला झापा शिवसतासी नगरपालिका-८ बस्ने बर्ष ३८ को दल बहादुर बिश्वकर्माको साथबाट चाँदीको ठुलो व्रास्लेट -२७ थान, सानो ब्रासलेट -१८ थान, चाँदीको औंठी -१९६ पिस, चाँदीको बाला-५८ पिस, चाँदीको लेडिज ब्रासलेट-२५ पिस र चाँदीको ड्राईगेन- ४० पिस गरी जम्मा ५७४२.७५० ग्राम अन्दाजी मुल्य रु.३,६०,०००।– (तिन लाख साठि हजार) बराबरको चाँदीका गरगहनाहरु फेलापारी निज मानिस समेतलाई नियन्त्रणमा लिई आवश्यक कार्बाहिको लागी भन्सार कार्यालय ठाडी, सिरहामा बुझाएको छ ।





## अवैध मदिरा बरामदः-( धनुषा )

धनुषा, २०७६ माघ ११ गते । जिल्ला धनुषा नगराईन नगरपालिका-२ जटही स्थितमा सिमा प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको सादा पोशाकको संयुक्त टोलिले ऐ.स्थित रहेको राकेश मदिरा पसलमा अवैध रुपमा राखिएको सोफी नामक मदिरा ११७ काटुन अन्दाजी मुल्य रु. ९०,०००।–(नब्बे हजार) बराबरको सामान नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय धनुषामा लियाई थप अनुसन्धान कार्य भईरहेको छ ।

**प्रवक्ता एवं सूचना अधिकारी**

(जय राज सापकोटा)

प्रहरी उपरीक्षक